# वीरेन्द्रनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# वीरेन्द्रनगर सुर्खेत ।

**नगर प्रहरी निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम**

सेवा: नगर प्रहरी  पद: नगर प्रहरी निरीक्षक  तह: छैंटौं

**परीक्षा योजना (Examination Scheme )**

यस परीक्षा योजनालाई विभिन्न चरण गरी देहाय बमोजिम पाँच चरणमा विभाजन गरिएको छ ।

| क्र.स. | परीक्षा चरण | विवरण | पुर्णाङ्क | उतिर्णाङ्क |
|---|---|---|---|---|
| १ | पहिलो चरण (First Phase) | दरखास्त छनौट Application Screening | - | - |
| | | प्रारम्भिक स्वास्थ्य परीक्षण Initial Medical Check-up (IMCE) | - | - |
| २. | दोश्रो चरण (Second Phase) | शारीरिक तन्दुरुस्ती मुल्याङ्कन Physical Endurance Evaluation Test (PEET) | - | - |
| | | विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण Detailed Medical Check-up | - | - |
| ३. | तेश्रो चरण (Third Phase) | लिखित परीक्षा | १०० | ४० |
| ४. | चौंथो चरण (Fourth Phase) | स्थानीयता | ७ | - |
| ५. | पाँचौ चरण (Fifth Phase) | अन्तरवार्ता Competency Based Interview | २० | - |

**<u>पहिलो चरण (First Phase)</u>**

**दरखास्त छनौट (Application Screening)**

तोकिएको योग्यता पुरा गरी विधिवत रुपमा दरखास्त पेश गरेका उम्मेद्धारहरुको दरखास्त स्वीकृत गरिन्छ ।

**प्रारम्भिक स्वास्थ्य परीक्षण** Initial Medical Check –up Examination (IMCE)

नेपाल प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**<u>दोश्रो चरण (Second Phase)</u>**

**शारीरिक तन्दुरुस्ती मुल्याङ्कन परीक्षा Physical Endurance Evaluation Test (PEET)**

| ईभेन्ट्स | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | उत्तीर्ण (PASS) | अनुत्तीर्ण (FAIL) | उत्तीर्ण(PASS) | अनुत्तीर्ण (FAIL) |
| ३००मि. दौड | ८६ सेकेण्ड सम्म | ८६ सेकेण्ड भन्दा माथि | ९६ सेकेन्ड सम्म | ९६ सेकेन्ड भन्दा माथि |
| सिट अप | कम्तिमा१० पटक | १० पटक भन्दा कम | कम्तिमा ५ पटक | ५ पटक भन्दा कम |
| पुस अप | कम्तिमा १० पटक | १० पटक भन्दा कम | कम्तिमा ५ पटक | ५ पटक भन्दा कम |
| १ कि.मी. दौड | ६ मिनेट सम्म | ६ मिनेट भन्दा बढी | ८ मिनेट सम्म | ८ मिनेट भन्दा बढी |

<u>नोट</u> :- कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

**विस्तृत स्वास्थ्य परीक्षण (Detailed Medical Check-up) र विशेष स्वास्थ्य परीक्षण (Special Medical Check-up)**

- नेपाल प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ मा व्यवस्था भए बमोजिम हुने ।

**तेस्रो चरण (Third Phase)**

## लिखित परीक्षा (Written Examination)

लिखित परीक्षा देहाय बमोजिमको परिक्षा योजना अनुसार हुनेछ ।

| परीक्षाको क्षेत्र (Test Domain) | विषय | पुर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न सख्या ×अकं | समय |
|---|---|---|---|---|---|---|
| सामान्य ज्ञान तथा बौद्धिक परीक्षण र | सामान्य ज्ञान (General Ability) र बौद्धिक परीक्षण (Reasoning Test) | ५० | २० | वस्तुगत (objective) बहुवैकल्पिक प्रश्न (MCQS) | २५प्रश्न × २ अकं | ३० मिनेट |
| पेशागत सैद्धान्तिक ज्ञान तथा लिखित सञ्चार सिप परीक्षण | पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge) तथा लिखित सञ्चार सिप परीक्षण Language Proficiency Test (LPT) | ५० | २० | विषयगत (Subjective) | लामो १ प्रश्न × १० अकं र छोटो ८ प्रश्न × ५ अकं | १ घण्टा ३० मिनेट |

द्रष्टब्य :

१. यो पाठ्यक्रमको योजना अनुसार एक पत्रको लिखित परीक्षा हुनेछ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

३. यस पाठ्यक्रममा जे सुकै कुरा लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी (संशोधन भएका वा संशोधन भई हटाइका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा रहेको सम्झनु पर्छ ।

४. वस्तुगत बैकल्पिक (Multiple Choice) प्रश्नहरुको सहि उत्तर दिएमा प्रत्येक सहि उत्तर दिए बापत २ (दुई) अंक दिइने छ भने गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २०% अंक कट्टा गरिने छ । तर उत्तर नदिएमा त्यस बापत अंक दिइने छैन र अंक कट्टा पनि गरिने छैन ।

५. विषयगत प्रश्नका लागि तोकिएका १० अंकको प्रश्नको हकमा १० अङ्कको एउटा लामो प्रश्न वा एउटै प्रश्नका २ वा २ भन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्न अन्तर्गत २ वा बढी टिप्पणीहरु (Short notes) सोध्न सकिने छ ।र ५ अंकको छोटो उत्तर दिने प्रश्नहरु ८ वटा सोधिने छ ।

## सामान्य ज्ञान तथा बौद्धिक परीक्षण

## General Ability and Reasoning Test (GART)

**पूर्णाङ्क: ५०**

**उत्तीर्णाङ्क: २०**

**वस्तुगत प्रश्नहरु २५ × २ अंक**

१.भूगोल

- नेपालको भूगोल: अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया र वनजगंल।

२. इतिहास, संस्कृति र सामाजिक अवस्था

- नेपालको प्राचिनकाल तथा मध्यकालको राजनीतिक, आर्थिक एवम् सामाजिक सांस्कृतिक अवस्था ।
- आधुनिक नेपालको इतिहास: पृथ्वीनारायण शाहदेखि वर्तमान अवस्थासम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सास्कृतिक अवस्था ।
- नेपालका ऐतिहासिक युद्ध तथा सम्झौताहरु ।
- नेपालका प्रचलित धर्म, संस्कृति, जातजाती, भाषा, साहित्य र कला ।

३. नेपालको योजनाबद्ध विकासक्रम (योजनाहरु)

४. दिगो विकास, वातावरणीय पारिस्थति, पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण बसोबास, प्रदुषण तथा राष्ट्रिय सम्पदा राष्ट्रिय निकुञ्ज तथा आरक्षित संरक्षण सम्बन्धी जानकारी ।

५. कम्प्युटर, मोवाइल, इमेल, इन्टरनेट, सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जीवनमा पारेको प्रभाव ।

६. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य सम्बन्धी समसामयिक घटना तथा नवीनतम गतिविधिहरुबारे सामान्य जानकारी ।

७. नेपालको संविधान सम्बन्धी जानकारी ।

८. नेपालका सुरक्षा निकायहरु सम्बन्धी समसामयिक जानकारी, दज्यार्नी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्बन्धी जानकारी ।

९. नगर प्रहरीको काम, कर्तव्य अधिकार, पालना गर्नुपर्ने आचरणहरु, विभागीय सजाय, विदा सम्वन्धी व्यवस्था, सेवाका शर्तहरु, योग्यता आदि सम्वन्धी सामान्य जानकारी

१०. Verbal Reasoning:

Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Logical Reasoning, Assertion and Reason, Statement and Conclusions, Statement and Course of Action, Situational judgment.

## लिखित सञ्चार सिप परीक्षण तथा पेशागत सैद्धान्तिक ज्ञान

**Language Proficiency Test (LPT) and Professional knowledge**

## अग्रेजी भाषा परीक्षण

**(English Language Test)**

**1. Letter Writing** **1 Question ×5 marks = 5 marks**

- **Informal Letter writing**
- **Business Letter writing**
- **Official Letter and Applications writing**

## नेपाली भाषा परीक्षण

**(Nepali Language Test)**

१ प्रश्न × ५ अंक = ५ अंक

१. समसामयिक शिर्षकमा निबन्ध लेखन

२. निर्धारित विषयका सम्बन्धमा प्रतिवेदन वा निवेदन लेखन

३. विभिन्न विषयको पत्र- ताकेता पत्र ,प्रतिउत्तर,निमन्त्रणा र विज्ञापन लेखन

४. समसामयिक विषयमा टिप्पणी लेखन

# <u>पेशागत सैद्धान्तिक ज्ञान</u>

**(Professional knowledge)**

४० अंक(६प्रश्न * ५ अङ्क र १ पश्न * १० अङ्क)

**१.सुरक्षा व्यवस्थापन**

१.१ सुरक्षाको अवधारणा, महत्व, परम्परागत तथा नवीनतम प्रवृतिहरु

१.२ सुरक्षा सतर्कताः योजना तथा कार्यान्वयन

१.३ वर्तमान परिवेशमा वीरेन्द्रनगर नगरपालिकाको आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीहरु

१.४ नेपालमा राष्ट्रिय सुरक्षाका विध्मान प्रावधानहरु एवं सुरक्षा समितिहरु (केन्द्र, प्रदेश र जिल्ला)

१.५ सुरक्षा व्यवस्थापन खबर संकलन, खबर विश्लेशण, प्रहरी गस्ती तथा प्रतिवेदनको महत्व

१.६ विपद व्यवस्थापन

१.७ संकट व्यवस्थापन

१.८ भिडः अवधारणा, भिड नियन्त्रणका उपायहरु

१.९ नगर प्रहरी र अन्य सुरक्षा निकायबीचको अन्तर सम्वन्ध र समन्वय

१.१० मानव अधिकार

२. नगर प्रहरी व्यवस्थापन

२.१ अभिलेख व्यवस्थापन

२.२ श्रोत व्यवस्थापन

२.३ नेतुत्व, उत्प्रेरणा, निर्णय प्रक्रिया ,समुह कार्य तथा समन्वय

२.४ नगर प्रहरी सेवा प्रवाह तथा सुशासन

२.५ सञ्चार तथा यसका प्रकार

२.६ तनाव व्यवस्थापन

३. कानुनी व्यवस्था

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३.२ मुलुकी अपराध संहिता, २०७४ को भाग २, परिच्छेद २, ३, ४,५, ६,१२, १८ र २०

३.३ मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को परिच्छेद २ र ६

३.४ वीरेन्द्रनगर नगरपालिकाको नगर प्रहरी सेवाको गठन सञ्चालन र सेवा शर्त सम्वन्धी व्यवस्था गर्न बनेको ऐन, २०७९

**चौथो चरण (Fourth Phase): स्थानीयता**

स्थानीयता बापत देहाय बमोजिमको अंक उपलब्ध गराईनेछः

(क) वीरेन्द्रनगर नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई ७ अंक

(ख) वीरेन्द्रनगर नगरपालिकाबाहिर तर सुर्खेत जिल्लाभित्र बसोवास गर्ने नेपाली नागरिकलाई ५ अंक

(ग) सुर्खेत जिल्ला बाहिर तर कर्णाली प्रदेशभित्र बसोबास गर्ने नेपाली नागरिकलाई ३ अंक र

(घ) कर्णाली प्रदेश बाहिर नेपाल राज्यभर बसोबास गर्ने नेपाली नागरिकलाई १ अंक ।

**पाँचौं चरण (Fifth Phase): अन्तरवार्ता Competency Based Interview**

अन्तरवार्ता वापत २० अंक छुट्टाईएको छ । जसमा देहाय बमोजिम अंक उपलब्ध हुनेछः

(क) न्यूनत्तम शैक्षिक योग्यता बापत ३ अंक प्रथम श्रेणी वा सोभन्दा माथि ३ अंक द्वितीय श्रेणी २ अंक र तृतीय श्रेणी १ अंक (यसमा श्रेणी कायम गर्दा नेपाल सरकारको परीक्षा नियन्त्रण कार्यालय वा त्रिभुवन विश्वविद्यालयले कायम गरेको नर्म्सलाई आधार मानिनेछ)

(ख) माथिल्लो शैक्षिक योग्यता बापत २ अंक प्रथम श्रेणी वा सोभन्दा माथि २ अंक द्वितीय श्रेणी १.५ अंक र तृतीय श्रेणी १ अंक (यसमा श्रेणी कायम गर्दा नेपाल सरकारको परीक्षा नियन्त्रण कार्यालय वा त्रिभुवन विश्वविद्यालयले कायम गरेको नर्म्सलाई आधार मानिनेछ)

(ग) अन्तरवार्ताको १५ अंक यसमा वढीमा ७० प्रतिशत र कम्तिमा ४० प्रतिशतसम्म अंक उपलब्ध गराईनेछ ।

## परीक्षार्थीलाई विशेष ध्यानाकर्षण

उपरोक्तानुसारको परीक्षामा देहाय बमोजिम प्राप्ताङ्कहरु जोडी कुल प्राप्ताङ्क हुनेछ र सोही आधारमा योग्यताक्रम अनुसार परीक्षाफल प्रकाशित गरिनेछ।

**(क)** लिखित परीक्षा वापत पूर्णाङ्क १०० मा प्राप्त गरेको अंक

**(ख)** स्थानीयता वापत पूर्णाङ्क ७ मा प्राप्त गरेको अंक र

**(ग)** अन्तरवार्ता वापत पूर्णाङ्क २० मा प्राप्त गरेको अंक ।